# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/३/१६ गते बिहिवार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ५ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १ | लिखु तामाकोशी २ रामेछापका गंगा प्रसाद पौडेल एम्बुस विष्फोटमा परि घाइते भएकोले क्षतिपूर्ति दिलाई पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०५९/७/२७ ३९४२ | बम विष्फोटमा घाइते | पीडितलाई क्षतिपूर्ति स्वरुप रु २,७५,०००।– (अक्षेरुपी दुईलाख पचहत्तर हजार रुपैया मात्र) उपलब्ध गराउन र थप उपचारको आवश्यक भए नि:शुल्क उपचारको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| २ | मधेश आन्दोलनको क्रममा रुपन्देही जिल्लाको वेलहियामा भएको घटनामा परि दुर्गेश यादव, रामेश्वर पासी, शैलेन्द्र श्रीवास्तव र सुनिल यादव समेत ४ जना व्यक्तिहरुको मृत्यु भएको र अन्य व्यक्तिहरु घाइते भएको घटनाको मिति २०७२/६/१ गते आयोगको स्वविवेकमा उजुरी ग्रहरण गरी कारवाही अगाडी वढाइएको । | २०७२/५/३ ८६२ | मधेश आन्दोलनको क्रममा मृत्यु (Suo-moto) | यस घटनामा मृत्यु भएका अन्य व्यक्तिहरुको हकवालाले रु १०,००,०००।– क्षतिपूर्ति पाईसकेको देखिदा अन्य व्यक्तिको हकवालाहरुलाई उपलब्ध गराए सरह क्षतिपूर्ति मृतक शैलेन्द्र श्रीवास्तवको हकवालालाई समेत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मधेश आन्दोलनको क्रममा सप्तरी जिल्लामा राजेन्द्र कुमार राउत समेत ६ जना व्यक्तिहरुको मृत्यु भएको अन्य व्यक्तिहरु घाइते भएको भनिएको घटनाको सम्बन्धमा मिति २०७२/१०/१३ गते आयोगको स्वविवेकमा उजुरी ग्रहरण गरी कारवाही अगाडी वढाइएको । | २०७२ साल ८३९ | मधेश आन्दोलनको क्रममा मृत्यु (Suo-moto) | सो घटनामा परि मृत्यु भएका विरेन्द्र कुमार राम, नागेश्वर यादव, दिलिप साह र शिव शंकर दासको परिवारले हालसम्म पनि राहत/क्षतिपूर्ति नपाएको देखिदा निजहरुको हकवालाले क्षतिपूर्ति पाए, नपाएको सम्बन्धमा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बुझि जवाफ प्राप्त हुन आएपछि पुन: पेश गर्ने | |
| ४ | सान्नी त्रिवेणी गा.पा.६ कालिकोट घर भएका द्वन्दकालीन घाइते कुलप्रसाद भट्टराईले राष्ट्रिय ट्रमा सेन्टरमा उपचार गराईरहेकोमा आर्थिक अभाव भएका कारण सहयोगको लागि गृह मन्त्रीज्यू समक्ष जाँदा असहयोग गरेको कारणले मन्त्रीज्यूको सल्लाहकारकै कार्यकक्षमा विष सेवन गरी आत्महत्या गर्ने प्रयास गरेको र आर्थिक अभावका कारण स्वास्थ्य उपचारबाट बञ्चित भएको कारण आमरण अनसन वसिरहेको हुँदा नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०७५/८/५ ९२ | क्षतिपूर्ति नपाएको | निज द्वन्दकालीन घाइते भएको देखिदा क्षतिपूर्ति स्वरुप रु २,००,०००।– (अक्षेरुपी दुईलाख रुपैया मात्र) उपलब्ध गराउनुका साथै थप उपचारको आवश्यकता भए नि:शुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| ५ | मेलम्ची न.पा. १२ सिन्धुपाल्चोक घर भई काठमाडौं रानीवारी वस्ने विष्णु तामाङलाई सादा पोशाकमा आएका प्रहरीहरुले विनाकारण जर्वजस्ती बाटोबाट पक्राउ गरी टोखामा लगि गोली हानेकोले दोषी उपर कारवाही गरी बाँच्न पाउने अधिकार संरक्षण गरी उपचार खर्च उपलब्ध गराई पाउँ भन्ने समेत व्यहोराको उजुरी । | २०७६/२/६ १३६ | न्याय प्रशासन | निजको सम्बन्धमा सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधिन अवस्था रहेको देखिदा सो सम्बन्धमा अदालतबाट कागजातहरु माग गरी प्राप्त हुन आएपनि पुन: पेश गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org